नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०७४ (March 2018) वर्ष २२/अङ्क २५२

## परमेश्वरले हाम्रो जीवन परिवर्तन गर्न सक्नुहुन्छ

- पाष्टर प्रेम श्रेष्ठ

**के प्रभुलाई पाएपछि हाम्रो जीवनमा परिवर्तन आएको छ ?**

येशू प्रभुको पुनरुत्थानपछि चेलाहरूको जीवनमा धेरै ठूलो परिवर्तन आयो । जब उनीहरू १० दिनसम्म एकै ठाउँमा भेला भएर प्रार्थना गर्दै गरेको अवस्थामा अचानक स्वर्गबाट आगोका जिब्राहरू जस्ता तिनीहरूकहाँ देखा परे र भाग भाग भएर तिनीहरू १२० जनामाथि बसे र उनीहरूको जीवनशैली परिवर्तन र मण्डली स्थापना भयो । एक जना डरपोख व्यक्तिले हजारौंको माझमा साहससँग पहिलो शक्तिशाली प्रवचन दिए र जसको कारण ३ हजार मानिसहरू अर्थात् यहूदीहरूले येशूलाई विश्वास गरे । मण्डलीको जन्म मात्र नभएर मण्डली वृद्धि हुँदै गयो र हजारौं हजार मानिसको जीवनशैली बदलियो । प्रेरित ३:१-११ मा एकजना व्यक्ति जसलाई पनि येशूको खाँचो परेको थियो जसको उमेर ४० वर्षको थियो, ऊ कसको छोरा वा कुन कुलको थियो ? बाइबल मौन छ तर त्यस्तो एक जना व्यक्ति जसलाई ४० वर्षको उमेर भए पनि अरूलाई बोक्न गोहार मागेर मन्दिरको ढोकामा दैनिक आउनु पर्दथ्यो । अरूको साहारा बिना ऊ बाँच्न सक्दैनथ्यो । त्यो व्यक्ति जस्तै आज हामी पनि कति जना परमेश्वरको भवनसम्म वा ढोकासम्म आउँदछौं तर ढोकाभित्र नपसी बाहिरबाटै फर्केर दयनिय जीवन यापन गरिराखेका छौं । परमेश्वरको आशिष् पाउनलाई मन्दिरभित्र पस्नु जरुरी छ । त्यही पत्रुस जसलाई एकजना सानो केटी देखेर पनि डर लाग्थ्यो, एक दिन ३ बजेतिर मन्दिरमा आराधना गर्न यूहन्नासँग जाँदै थिए । यहूदीहरू भजनसंग्रह ५५:१७ अनुसार दिनमा ३ पटक बिहान ९:०० बजे दिउँसो १२:०० बजे र बेलुकी ३:०० बजे मन्दिरमा प्रार्थना गर्न जाने गर्दथे कारण यहूदी विश्वास ३ वटा आधारमा अडेको थियो । पहिलो आराधना, दोस्रो दया देखाउनु र तेस्रो परोपकार गर्ने वा समग्रमा भन्ने हो धर्म कर्म गर्ने काम । त्यो व्यक्ति जसको एउटा खुट्टा नचल्ने अवस्था थियो र दिउँसो ३:०० बजेचाहिँ विशेष् बलिदान चढाउने कारणले मानिसहरू विशेष् धेरै पैसा पाउने आशामा त्यहाँ वा सुन्दर ढोकाको अगाडि राखिन्थ्यो । त्यो मन्दिर जसको ९ वटा ढोकाहरू थिए, त्यस मध्ये एउटा ढोका सुन्दर ढोका जसको उचाई ७५ फिट, ६० फिट चौडाई थियो र एउटा ढोका खोल्न लगाउन २० जना मानिस खाँचो पर्दथ्यो जुन ढोका देखेर येशूका चेलाहरू पनि आश्चार्य चकित भएका थिए र प्रभुलाई देखाएका थिए (लूका २१:५, मत्ती २४:१-२) ।

अब विशेषत भिखारीहरूका ३ वटा भिख माग्ने ठाउँ हुन्छन् । पहिलो धनी मानिसको घर, दोस्रो सडकको छेउ र तेस्रो मन्दिरको ढोका । त्यो व्यक्तिको लागि त्यो भिख माग्ने आखिरी दिन थियो र त्यसपछि त्यसले कहिले भिख मागेर खानु परेन र ऊ परमेश्वरको पछि लाग्यो जब यूहन्नाको साथमा भएका पत्रुसले त्यस व्यक्तिलाई भने, “हामीतिर हेर” केही पाउने वा पैसा पाउने आशाले त्यस व्यक्तिले प्रभुका चेलाहरूतिर हेरे । आज धेरै मानिसले हामी प्रभुका चेलाचेलीतिर हेरिरहेका छन् । पत्रुसले भने “सुन मसँग छैन, चाँदी मसँग छैन ।” होस् पनि कसरी सायद उनले लगाएको लुगामा खल्ती नै थिएन होला ! तर उनले भने, “जे मसँग छ, त्यो येशूको नाउँ अर्थात् येशूको शक्ति त्यो तँलाई दिन्छु ।” आज हामीले हाम्रो आफन्तलाई पनि यो कुरा भन्नुपर्दछ, सुनचाँदी मसँग छैन तर मसँग येशूको शक्ति छ, मसँग येशूको प्रेम छ, मसँग येशूको कृपा छ, येशूको चंगाई छ र येशूको जीवन र साक्षी छ । जब पत्रुसले त्यसको दायाँ हात समातेर “नासरतको येशूको नाउँमा हिँड्डुल गर्” भनी उठाए र तुरुन्त त्यो उठ्यो र हिँड्न थाल्यो । उसले कहिल्यै नगरेको अनुभव गऱ्यो कारण ऊ जीवनमा कहिल्यै हिँडेको थिएन । आज धेरै मानिसहरू हाम्रा दाहिने हातको संगतिको हात, जो शक्तिको हात, जो चंगाईको हात पर्खिरहेका छन् । हाम्रा हातहरू कस्ता कामको लागि प्रयोग गर्दैछौं ? त्यो व्यक्तिका खुट्टा र गोलीगाँठामा शक्ति पाएर उठ्यो मात्र होइन तर हिँड्न थाल्यो, उफ्रन थाल्यो, कुद्न थाल्यो मात्र होइन परमधन्यका परमेश्वरको आराधना प्रशंसा गर्न थाल्यो । त्यो व्यक्तिलाई येशूले भेट गर्नुभएपछि ठीक ४० वर्ष उमेरमा अरू जस्तै मन्दिरभित्र प्रवेश गऱ्यो कसैले त्यसलाई रोक्न सकेन, पत्रुस र यूहन्नासँगै त्यो व्यक्ति मन्दिरभित्र प्रवेश गऱ्यो । त्यो भन्दा अघि ढोकासम्म ल्याइन्थ्यो तर बाहिरबाटै फर्काइन्थ्यो कारण लेवी २१:१६-२३ अनुसार त्यस्ता लङ्गडो व्यक्ति मन्दिरभित्र प्रवेश गर्न शक्त मनाही थियो । त्यो मन्दिर जसमा येशूले भन्नुभयो, “यो लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर कहलाइनेछ ।’ तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ” (मत्ती २१:१३) । मलाई लाग्छ त्यो मन्दिरमा पहिलो पटक परमेश्वरको साँचो आराधना भयो होला ! त्यो लंगडोले उफ्री-उफ्री परमेश्वरको प्रशंसा गऱ्यो होला र येशूले सामरी स्त्रीलाई भन्नुभएको जस्तै “तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्,

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** | **भैंसेपाटी** |
| **फागुन २६** March 10 | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री भुवन देवकोटा | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | एल्डर गोपाल शर्मा |
| **चैत्र ३** March 17 | एल्डर सामुएल क्षेत्री | डीकन बागमान तामाङ्ग | एल्डर जेम्स राई | श्री धूव घिमिरे | एल्डर घन श्याम दाहाल | श्री भिम खालिङ | श्री भुवन देवकोटा |
| **चैत्र १०** March 24 | एल्डर अर्जुन ढकाल | एल्डर पूर्ण सुनुवार | एल्डर सिमोन पाठक | पाष्टर रोबर्ट कार्थक | श्रीमती गंगा श्रेष्ठ | डीकन बाबुराम के.सी. | संयुक्त सेवा ललितपुर चर्च |
| **चैत्र १७** March 31 | जवान | डीकनेस् रश्मिला तामाङ्ग | श्री प्रकाश श्रेष्ठ | जवान | एल्डर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | एल्डर सीता गुरूङ्ग |
| **चैत्र २४** April 7 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ” (यूहन्ना ४:२३) । त्यसकारण सबैको जीवनमा परिवर्तनको दिन आउँदछ । “उहाँले हरेक कुरालाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ । उहाँले मानिसका हृदयमा अनन्तता पनि राखिदिनुभएको छ । तापनि तिनीहरूले परमेश्वरले आदिदेखि अन्त्यसम्म के गर्नुभएको छ त्यसको गहिराइलाई बुझ्न सक्दैनन्” (उपदेशक ३:११) ।

अब यहाँ विचार गर्नुपर्ने कुरा के छ भने जब त्यो व्यक्तिले चंगाई पायो मानिसहरू अचम्मित भए । ती मानिसहरू जो वर्षौंदेखि मन्दिरमा आउँदथे र धर्म कर्म गरेर फर्किन्थे जब त्यो व्यक्तिलाई देखे र दगुरेर त्यो व्यक्ति भएको तिर आए । मानिसहरूले २ वटा विशेष् कुरा त्यस व्यक्तिमा देखे पहिलो त्यो हिँड्न, उफ्रन लाग्यो एक हप्तापछि, एक महिनापछि वा एक वर्षपछि होइन तुरुन्त अनि दोस्रो त्यस व्यक्तिले परमेश्वरको प्रशंसा गर्न थाल्यो । आज तपाईं र मेरो जीवनमा के-के परिवर्तन भयो त ? परिवर्तनको नारा लगाएर वा वचन सुनेर मात्र हुँदैन । हाम्रो अवस्थामा परिवर्तन आउनु जरुरी छ । त्यो व्यक्तिको आफ्नो हात येशूलाई नदिएको भए त्यो व्यक्तिको बारेमा बाइबलमा लेखिँदैन थियो होला, त्यसै गरी हाम्रो हात येशूलाई दियौं भने उहाँले हाम्रा कमजोर खुट्टा, कमजोर हात, कमजोर परिस्थितिलाई बदल्न सक्नुहुन्छ ।

अन्त्यमा, त्यस व्यक्तिको परिवर्तनपछि पत्रुसले मन्दिरभित्र धर्म कर्म वा बलिदान चढाउन जानेहरूको बीचमा दोस्रो शक्तिशाली प्रवचन दिए र त्यसको कारण अरू २ हजार मानिसहरू विश्वासमा थपिए प्रेरित ४:४, आज मण्डलीमा तपाईं र मेरो साक्षीद्वारा सयौं, हजारौं, लाखौं मानिसहरू मण्डलीमा थपिन सक्छन् के हामी विश्वास गर्छौं ?

प्रभुको वचन क्रियाशील छ । “तब अन्धाहरूका आँखा खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन् । तब लङ्गडाहरू मृगझैं उफ्रनेछन्, र गूँगाहरूको जिब्रोले स्तुति गर्नेछ । उजाड़-स्थानमा पानी फुटेर निस्कनेछ र मरुभूमिमा खोलाहरू बग्नेछन्” (यशैया ३५:५-६) । यसैकारण अबको थोरै दिनमा हामी प्रभुको मृत्यु, दफन र पुनरुत्थानको सम्झनामा सेवाहरू गर्छौं, याद गरौं । धेरै लङ्गडो, अन्धो, बैरो, गूँगोहरू हामीतिर आँखा लगाइरहेका छन् र नियालिरहेका छन् । के हामी परमेश्वरको शक्तिमाथि विश्वास गर्छौं ? प्रभुले हामीलाई धेरै व्यक्तिहरूलाई मण्डलीमा ल्याउने अनुग्रह देऊन्, आमेन् ।

**जानकारी**



ललितपुर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्री तिर्थ लाल गोपाली ६८ वर्षको उमेरमा फागुन ५ गते/फरवरी १७ शनिबार प्रभुमा सुत्नुभयो ।



बाग बजार बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री लूका श्रेष्ठ ५६ वर्षको उमेरमा फागुन ९ गते/फरवरी २१ बुधबार प्रभुमा सुत्नुभयो ।



बोजनी बस्नुहुने नेइम जहरसिंहपौवा चर्चकी सदस्य श्रीमती सानु कान्छी बि.क. ६६ वर्षको उमेरमा फागुन ०४ गते/फरवरी १६ शुक्रबार प्रभुमा सुत्नुभयो ।

## मार्च महिनाको कार्यक्रम

चैत्र १६ गते/मार्च ३० तारिख शुक्रबार बेलुकी ५:३० बजे **गूड फ्राइडे सेवा** आ-आफ्नो चर्चमा ।

चैत्र १८ गते/अप्रिल १ तारिख आइतबार बिहान ६:०० बजे (EASTER) **सूर्योदय सेवा** आ-आफ्नो चर्चमा ।

चैत्र २०-२२ गते/अप्रिल ३-५ तारिख मंगलबारदेखि बिहीबारसम्म बिहान ९:००-५:०० बजेसम्म **मिशन सम्मेलन** नेइम ज्ञानेश्वर चर्चमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **फागुन २६**<br>March 10 | श्री<br>प्रेम गुरूङ्ग | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | एल्डर<br>जोरविर राई |
| **चैत्र ३**<br>March 17 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>पिटर लिम्बू | डीकनेस्<br>निर्मला ढुङ्गेल |
| **चैत्र १०**<br>March 24 | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>अमृत लामा | डीकन<br>राज गुरूङ्ग | डीकन<br>कृष्ण तामाङ्ग | एल्डर<br>गोपी राई | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>लेख नाथ पौडेल | श्री<br>चन्द्र मोक्तान |
| **चैत्र १७**<br>March 31 | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>लेख नाथ पौडेल | डीकन<br>सुनिल मुनिकार | डीकन<br>नर बहादुर श्रेष्ठ | डीकन<br>मोहन श्रेष्ठ | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>राजु श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू |
| **चैत्र २४**<br>April 7 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>चिनु घ्लान | डीकनेस्<br>रूष लामा | एल्डर<br>गोपी राई | डीकन<br>भक्ति लामा | पाष्टर<br>कर्ण बहादुर तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | संयुक्त सेवा<br>धापासी चर्च |

## हार्दिक शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति ख्रीष्ट येशू प्रभु क्रूशमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (Easter) सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारलाई हार्दिक शुभकामन व्यक्त गर्दछौं ।

## हार्दिक बधाई



माघ २८ गते/फरवरी ११ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री **चिराग चाम्लिङ्ग** र उदय चर्च, धरानकी सदस्य सुश्री **सीता श्रेष्ठ**को उदय चर्च, धरानमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **चिराग** र **सीता चाम्लिङ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ७ गते/फरवरी १९ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **बिमल राई** र प्रशंसा चर्च, लेटाङ्गकी सदस्य सुश्री **शर्मिला राई**को प्रशंसा चर्च, लेटाङ्गमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **बिमल** र **शर्मिला राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १० गते/फरवरी २२ तारिख बिहीबार नेइम जोरपाटी चर्चको सदस्य श्री **विनोद श्रेष्ठ** र बेथसालोम चर्च, पुतली सडककी सदस्य सुश्री **सविना खड्गी**को बेथसालोम चर्च, पुतलीसडकमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विनोद** र **सविना श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

### विशेष् प्रार्थना

१. गुड फ्राइडे र ईस्टरको समयमा वचनको सेवकाइ गर्नुहुने साथै सेवा संगति तथा सभाको लागि प्रार्थना गरिदिऔं ।

२. गुड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

३. यस वर्षको एस.ई.ई. परीक्षामा सामेल हुनुहुनेहरू साथै स्कूल, कलेजमा अध्ययनरत सबै विद्यार्थीहरू साथै उच्च शिक्षा हासिल गरिरहनुभएका सबैको लागि प्रार्थना गरिदिऔं ।

४. मौसमको परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरौं ।

५. मण्डलीमा हुने आत्मिकी सेवा, बाल संगति, घरेलु संगति साथै अन्य सबै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।

६. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूको साथै देशभित्र, देशबाहिर मिशनेरी भएर सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, मण्डली साथै संगतिहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | २० 4<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>भजनसंग्रह ३७:१-११, | २७ 11<br>नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०७:९ | ४ 18<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५, २ पत्रुस ३:८-९ | ११ 25<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | १८ April 1<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ |
| **सोमबार** Monday | २१ 5<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २८ 12<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | ५ 19<br>मण्डली परिवार सधैँ एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १२ 26<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>आमोस ९:१३-१५ | १९ 2<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार** Tuesday | २२ 6<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | २९ 13<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | ६ 20<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>१ थेसलोनिकी २:१०-१२ | १३ 27<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | २० 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार** Wednesday | २३ 7<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा, अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३० 14<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ७ 21<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १४ 28<br>विभिन्न माध्यमद्वारा प्रचारिने ख्रीष्ट येशू प्रभुको क्रूसको प्रेमको सुसन्देशको लागि प्रार्थना गरिदिऔं ।<br>रोमी ५:८ | २१ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार** Thursday | २४ 8<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | १ चैत्र 15<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>प्रेरित ८:१-८, ११:१९-२१ | ८ 22<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैँ इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | १५ 29<br>मण्डलीका सबै विश्वासीहरू सधैँ प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १४:३२-४१ | २२ 5<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार** Friday | २५ 9<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | २ 16<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | ९ 23<br>प्रत्येक शनिबारको सेवामा धेरै भन्दा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तितस २:११ | १६ 30<br>ख्रीष्टको क्रूसको मृत्यु सारा मानव जातिको पाप क्षमाको लागि हो भन्ने सत्यता संसारले बुझी विश्वास गर्न सकून् ।<br>यूहन्ना १:२९, रोमी १०:९-१३ | २३ 6<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ |
| **शनिबार** Saturday | २६ 10<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | ३ 17<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | १० 24<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १७ 31<br>बाल संगतिका बालबालिका-हरू र शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६ | २४ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।**

**रोमी ५:८**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,